नगर कार्यपालिकाको
बैठक संख्या १९/२०७९-०८४
मिति २०७९/१२/२३ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश

बैठक संख्याः १९/२०७९-०८४

मिति २०७९ साल चैत्र २३ गतेका दिन बसेको कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

**निर्णय नं. १**

नगर कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गरियो। कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

क. सुरक्षित आप्रबासन सम्बन्धी कार्यविधी, २०७९ टेबुल भई छलफल भयो । उक्त कार्यविधीमा थप छलफल गरी विभिन्न सरोकारवाला एवं कार्यालिका सदस्यहरुबाट समेत थप प्राप्त राय सुझाव लिई सो मस्यौदालाई अन्तिम रुप दिई आगामी कार्यपालिका बैठकमा पेश गर्न यस कार्यपालिका अन्तर्गतको विद्यायन समितिमा पठाउने।

ख. कोहलपुर नगरपालिकाको मदिरा नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७९ को मस्यौदामा दफाबार छलफल भयो । छलफलका क्रममा उठेका विषयवस्तुहरु कार्यविधिको अभिन्न अंग हुने गरी सो समेटी कार्यविधी स्वीकृत गर्ने ।

ग. यस नगरपालिकाले सर्पदंश उपचार केन्द्र स्थापना तथा संचालन गर्न एक कार्यविधिको आवश्यकता परेको हुँदा कार्यालयबाट पेश भएको कार्यविधीको मस्यौदा टेबुल भयो । सो सम्बन्धमा अन्य पालिकाहरुद्वारा संचालित केन्द्रहरुमा अवलम्बन गरिएको विधि प्रक्रिया समेत बुझी, नेपाली सेनाको कौशिलानगर ब्यारेकका पदाधिकारी एवं कार्यपालिका सदस्यहरुसँग थप छलफल एवं सुझाव लिई प्राप्त सुझावहरु समेटी अर्को कार्यपालिका बैठकमा पेश गर्न विद्यायन समितिमा पठाउने ।

**निर्णय नं. ३**

कोहलपुर नगरपालिका नगर शिक्षा समितिको मिति २०७९/१२/१६ गतेको बैठकका निर्णयहरुको बुँदागत रुपमा छलफल गरियो । उक्त बैठकबाट भएका निर्णयहरु यसै कार्यपालिकाबाट भए सरह मानी कार्यान्वयन गर्ने/गराउने गरी अनुमोदन गर्ने ।

**निर्णय नं. ४**

नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७९/१०/१७ गतेको खर्च कटौति तथा बजेट रोक्का पत्र एवं लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालयको मिति २०७९/१२/०८ गतेको बजेट रोक्का तथा खर्च कटौती सम्बन्धी पत्रानुसार स्थानीय पालिकाहरुमा प्राप्त हुने

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ०९/२०७९-०८०
मिति २०७९।१२।२३ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना: २०७३

राजस्व बाँडफाँडको रकममा कटौती भई २०% सम्म घट भई प्राप्त हुने अनुमान भएको एवं यस नगरपालिकाको चालु आर्थिक वर्षमा तोकिएको आन्तरिक राजस्व संकलनको प्रगति समेत हालसम्म लक्ष्य भन्दा ज्यादै न्यून संकलन भएकाले चालु आ.ब. २०७९/०८० को निती, बजेट तथा कार्यक्रम पुस्तिकामा उल्लेखित योजना तथा कार्यक्रम संचालन गर्नका लागी बजेट अभाव हुने देखिएकाले नगरपालिकाको बजेट खर्च गर्ने सम्पूर्ण ईकाईहरुले देहाय बमोजिम गर्ने/गराउनेः

क. बजेट पुस्तिकामा समावेश भएकोमा बजेट स्रोतगत रुपमा नगरपालिकामा रकम प्राप्त भएको एकीन गरी कार्यपालिकाको बैठकबाट अत्यावश्यक भनी निर्णय हुने अवस्था बाहेक आन्तरिक स्रोत, राजश्व बाँडफाँट तर्फका कुनै पनि योजना तथा कार्यक्रम २०८० बैशाख १ गतेदेखि संचालन प्रक्रिया (माग, ईस्टिमेट, टेण्डर/खरिद,सम्झौता आदि) थालनी नगर्ने । २०७९ चैत्र मसान्त सम्म दायित्व सिर्जना भएका योजना तथा कार्यक्रम संचालन गरी बजेट नपुग भएमा कार्यपालिका समक्ष पेश गर्ने ।

ख. चालु तर्फका शीर्षकहरु अन्य भत्ता, पदाधिकारी बैठक भत्ता, इन्धन (कार्यालय प्रयोजन), सवारी साधन मर्मत खर्च, मसलन्द तथा कार्यालय सामाग्री, इन्धन – अन्य प्रयोजन, पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च, अन्य कार्यालय संचालन खर्च, सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च, अनुगमन, मूल्याङ्कन खर्च, भ्रमण खर्च, विविध खर्च, अन्य सामाजिक सहायता (आर्थिक सहायता), फर्निचर तथा फिक्चर्स खर्च आदिमा खर्च गर्नु नै पर्ने भएमा प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, लेखा र सम्बन्धित पदाधिकारी/ कर्मचारीले समन्वय गरेर मात्र कार्यक्रम गर्ने गराउने ।

ग. २०७९ चैत्रभित्र सम्झौता/ कायदिश भई खर्च दायित्व सिर्जना भएकाको हकमा बजेट रकम उपलब्ध भएमा भुक्तानी गर्ने । नपुग हुने भएमा कार्यपालिकामा पेश गरी निकास गर्ने ।

घ. चालु आ.ब. को लक्ष्य अनुसारको राजस्व संकलन बृद्धि गर्न सबैले आ-आफ्नो स्थानबाट पहल गर्ने ।

**निर्णय नं. ५**

सङ्घीय सरकारबाट आर्थिक वर्ष २०७९/०८० मा शहिद स्मृति केन्द्र नेपाल, कोहलपुर न.पा. बाँकेको लागी रु.७५ लाख बजेट बिनियोजन भई आएकोमा शहिद स्मृति केन्द्र नेपाल, कोहलपुर, बाँकेले पेश गरेको प्रस्तावित योजना बमोजिम कोहलपुर न.पा. ११ लोकनगर स्थित उक्त शहिद स्मृति केन्द्र नेपालको भवन मर्मत तथा स्तरोन्नती कार्यका लागी प्राबिधिक

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ९८।२०७९-०८०
मिति २०७९।१२।२३ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना: २०७३

स्टिमेट तयार गरी उपभोक्ता समितिको न्युनतम १० % श्रमदान/ लागत साझेदारी हुने गरी तत्काल उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गर्ने।

निर्णय नं. ६

कोहलपुर नगरपालिका वडा नं. २ को वडा समितिको मिति २०७९/१२/०९ मा निर्णय भई सिफारिस भएको उक्त वडाको मुक्तिनगर टोलमा रहेको शिव शम्भु मन्दिरमा सटेको बाटोको पूर्व उत्तर दिपनगर पुरानो वनखेतको बाटोको पश्चिममा सटेको ८ कठ्ठा जग्गा कृषि पुर्वाधार विकास तथा कृषि यान्त्रिकीकरण प्रवर्धन केन्द्र बिउ भण्डारण गृह निर्माणका लागी उपलब्ध गराउने ।

निर्णय नं. ७

सिकलसेल ल्याब समन्वय समितिको मिति २०७९/१०/०४ गते र २०७९/१२/०८ गतेको बैठकका निर्णयहरु अनुमोदन गर्ने । सिकलसेल एनिमिया ल्याबको रिपोर्ट तयार गरी हस्ताक्षर गर्न डा. प्रज्ञा गौतम (घिमिरे) लाई जिम्मेवारी दिने र रिपोर्टमा हस्ताक्षर गरे वापत प्रति व्यक्ति रिपोर्टको रु.५०।- का दरले उपलब्ध गराउने । साथै सिकलसेल ल्याबमा कार्यरत कर्मचारीहरुलाई फिल्ड खटिएको दिनमा यातायात खर्च वापत रु.२,५०।- उपलब्ध गराउने ।

निर्णय नं. ८

कोहलपुर नगरपालिकामा राष्ट्रिय परिचयपत्रको विवरण संकलनका लागी खटिएको टोलीको प्रत्येक वडाले खाना, खाजा, आवास लगायत खर्च गरी भुक्तानीको लागी पेश भएको बिल भरपाई बमोजिम देहायको भुक्तानी कार्यपालिकाको मिति २०७९/१२/१० को निर्णय बमोजिम नगरपालिकाको भैपरी आउने चालु शीर्षकबाट भुक्तानी गर्ने र अपुग रकम विविध खर्च शीर्षकबाट भुक्तानी गर्ने । वडा नं. १३ को हकमा सोही शीर्षकबाट रु ५०,०००।- बराबरको सडक मर्मत तथा ग्राभेल वापत उक्त रकम बराबरको भुक्तानि दिने।

<u>देहाय:</u>

| सि.नं. | वडा नं. | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | १ नं. वडा कार्यालय | ६५३६० | |
| २ | २ नं. वडा कार्यालय | ७२६०० | |
| ३ | ३ नं. वडा कार्यालय | ४८९४५ | |
| ४ | ४ नं. वडा कार्यालय | ५०२०० | |
| ५ | ५ नं. वडा कार्यालय | ६७१२२ | |
| ६ | ६ नं. वडा कार्यालय | ६७५७४ | |
| ७ | ७ नं. वडा कार्यालय | ३८०५० | |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ११।२०७९-०८०
मिति २०७९।१२।१३
निर्णय प्रमाणित

| | | | |
|---|---|---|---|
| ८ | ८ नं. वडा कार्यालय | ८०१६० | |
| ९ | ९ नं. वडा कार्यालय | ८५७८० | |
| १० | १० नं. वडा कार्यालय | ५१७२० | |
| ११ | ११ नं. वडा कार्यालय | ८१९०० | |
| १२ | १२ नं. वडा कार्यालय | ११६०४० | |
| १३ | १४ नं. वडा कार्यालय | ४५६८० | |
| १४ | १५ नं. वडा कार्यालय | ५४३२० | |

निर्णय नं. ९

यस नगरपालिकाको योजना अनुगमन तथा सुपरिवेक्षण समितिले दिएको प्रतिवेदनमा छलफल भयो । सो समितिले सिफारिस गरे बमोजिम भएको भुक्तानी अनुमोदन गर्ने र सो योजनाहरु फरफारक गर्ने । चालु आ.ब. को आगामी दिनमा सो समिति एवं वडा समितिबाट हुने अनुगमन/ योजना फरफारक सिफारिसका आधारमा भुक्तानी फरफारक गर्ने ।

निर्णय नं. १०

पि. एण्ड पि. कन्ष्ट्रक्सन सप्लायर्स एण्ड रिसर्च सिभिल सेन्टरले ठाउँसारीका लागि आवश्यक कागजात सहित निवेदन पेश गरेकोमा उक्त सेन्टरलाई कोहलपुर नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यबिधी, २०७५ बमोजिम प्रकृया पुरा भएकाले "घ" वर्गको इजाजत अनुमति दिने ।

निर्णय नं. ११

क. चालु आ.ब. २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. ७१ सि.नं. ७० को विभिन्न (सरकारी तथा गैर सरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट खर्च हुने गरी सुशील कोइराला स्मृती भवन निर्माण समिति, नेपालगञ्ज १०, बाँकेलाई रु.७,००,०००।- (सात लाख) रकम उपलब्ध गराउने।

ख. पश्चिम नेपालका महत्वपूर्ण पर्यटकीय गन्तव्यहरुको राष्ट्रिय तथा अन्तराष्ट्रियरुपमा प्रचार प्रसा तथा प्रबर्द्धन गर्ने उद्देश्यले संचालित वेस्टर्न ट्राभेल मार्ट नेपाल लाई चालु आ.ब. २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. ७१ सि.नं. ७१ को अन्य सामाजिक सहायता शीर्षकबाट रु.२,००,०००।- (दुई लाख) उपलब्ध गराउने ।

ग. नेपाल यातायात मजदुर संघ, जिल्ला कार्य समिति बाँकेलाई यातायात मजदुर संघ केन्द्रिय समितिको सातौं अधिवेशनमा सहभागिताका लागी सहयोग माग भएकोमा गाडी भाडा वापत रु.१५,०००।- (पन्ध्र हजार) रकम उपलब्ध गराउने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या १६।२०७९-०८०
मिति २०७९।१२।२३.. को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना: २०७३

घ. गैरसरकारी संस्था महासँघ नेपाललाई सि.नं. ७० को विभिन्न (सरकारी तथा गैर सरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट खर्च हुने गरी रु.२५,०००।- उपलब्ध गराउने ।

निर्णय नं. १२

क. कोहलपुर नगरणलिका वडा नं. २ बस्ने आगोले जलेकी घरेलु हिंसा पीडित गंगा बि.क. लाई रु.५०,०००।- आर्थिक सहायता उपलब्ध गराउने।

ख. कोहलपुर नगरपालिका वडा नं. ४ निवासी समद खान तथा किताबुल खानको ५ वर्षिया छोरीको औषधी उपचारका लागी रु.२०,०००।- आर्थिक सहायता उपलब्ध गराउने ।

ग. कोहलपुर नगरपालिका वडा नं. १५ अकलघरवा निवासी दिलिप कुमार थारु र संगिता चौधरीको छोरी नन्दनी थारुको औषधी उपचारका लागी रु.२०,०००।- आर्थिक सहायता उपलब्ध गराउने ।

घ. कोहलपुर नगरपालिका वडा नं. ४ निवासी विष्णु बहादुर के.सी.लाई औषधि उपचारका लागी रु.१०,०००।- आर्थिक सहायता उपलब्ध गराउने ।

उप उप्रान्त यस आर्थिक वर्षमा आर्थिक सहायता उपलब्ध नगराउने ।

निर्णय नं. १३

दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (ENSSURE) को दोस्रो परियोजना अन्तर्गत यस नगरपालिकाभित्रका बेरोजगार २०/२० जना युवाहरुलाई Professional Cook र Professional LED/LCD TV Repair Technician विषयमा कार्यगत अभ्यास सहितको १० महिने CTEVT अन्तर्गतको तह २ को तालिम प्रदान गर्ने कार्यक्रम रहेकोमा उक्त तालिमका लागि सहभागी छनौट गर्दा कार्यक्रम निर्देशिकाको मापदण्ड अनुसार प्रत्येक वडाबाट १/१ जना गरी १५/१५ जना र ५/५ जना नगर कार्यपालिकाको कार्यालयबाट गरी जम्मा २०/२० जना छनौट गर्ने । सो को समन्वय एवं ब्यवस्थापन सो कार्यक्रमको फोकल पर्शन एवं शिक्षा युवा तथा खेलकूद शाखा प्रमुखले गर्ने । साथै निर्देशिका बमोजिम तालिम प्रदायक सँस्था छनौटको लागि समेत सार्वजनिक सूचना जारी गरी कार्यक्रम संचालन गर्ने।

निर्णय नं. १४

कोहलपुर नगरपालिका वडा नं. ९ का मुस्लिम, मधेसी एवं अन्य पछाडी परेका महिलाहरुका लागि लागि चालु आ.ब. २०७९/०८० को नीति, बजेट तंथा कार्यक्रम पुस्तिकाको पेज नं. १०३ सि.नं. ३७० को उपमेयरसँग महिला स्वरोजगार शीर्षकबाट खर्च हुने गरी

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ९१।२०७९-०८०
मिति २०७९।१२।२३ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश २०७३

सिलाईकटाई तालिम सञ्चालनका गरे वापत फातिमा फाउण्डेसन नेपाललाई रु.२,००,०००।– (दुई लाख) रकम उपलब्ध गराउने।

निर्णय नं. १५

यस नगरपालिकाको वडा नं. ९ स्थित हवलदारपुर अस्थायी प्रहरी चौकीलाई स्तरोन्नती गर्न जिल्ला प्रशासन कार्यालय, बाँके मार्फत नेपाल सरकार गृह मन्त्रालय समक्ष अनुरोध गर्ने ।

निर्णय नं. १६

युनाइटेड अरब इमिरेटस् दुबईको नगरपालिकाको दिशाजन्य लेदो व्यवस्थापनको स्थलगत भ्रमण एवं सो ब्यवस्थापक संस्था सँग द्विपक्षीय समन्वय सहकार्य गर्ने गरी यस नगरपालिकाका प्रमुख श्री पुर्ण प्रसाद आचार्य र प्रमुख प्रशासकीय अधिकृत श्री टिकाराम ढकालको मिति २०२३ अप्रिल ९ देखि १८ सम्म (बिदेशको दैनिक तथा भ्रमण खर्च यस नगरपालिकालाई आर्थिक ब्ययभार नपर्ने गरी) भ्रमण स्वीकृत गर्ने ।

निर्णय नं. १७

कोहलपुर नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले आफ्नो निजी जग्गामा रहेको ढुँगा, गिट्टी, बालुवा, माटो उत्खन्न गरी बिक्री गर्न प्रदेश आर्थिक ऐन बमोजिमको प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क नगरपालिकाको राजस्व शाखामा बुझाई उत्खन्न गरी बिक्री गर्न अनुमती दिने ।

निर्णय नं. १८

आ.ब. २०७९/०८० को वडा सिलिङ् मा विनियोजित विभिन्न वडाको वडा समितिबाट विभिन्न मितिमा निर्णय भै आएको योजना/कार्यक्रम संशोधन एवं ब्रेकडाउन आगामी नगरसभाबाट अनुमोदन हुन गरी स्वीकृत गर्ने ।

क. २ नं. वडाको वडा समितिको मिति २०७९/०९/२२ को निर्णय सिफारिस बमोजिम कार्यपालिकाको २०७९/०९/२८ को निर्णयबाट सि.नं. १७७ मा संशोधन भई विविध शिर्षकमा रु.५०,०००।- विनियोजन गरिएकोमा उक्त शीर्षक संशोधन गरी सेवा परामर्शमा रकमान्तर गर्ने ।

ख. विभिन्न वडा तर्फको:

| वडा नं. ६(वडा समितिको मिति २०७९/०६/११ गतेको निर्णय बमोजिम सि.नं. १५६ मा ब्रेकडाउन भएको १ र २ कायम भएकोमा) | | | | |
|---|---|---|---|---|
| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | ६ नं. वडा समिति को निर्णय मिति |
| १ | कृषि क्षेत्रको विकास | समरसेल तथा ह्याण्ड पम्प जडान | १,००,००० | २०७९/११/१७ |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना: २०७३

नगर कार्यपालिकाको
बैठक संख्या १९/२०७९-०८०
मिति: २०७९/१२/२३ को
निर्णय प्रमाणित

| | | | | |
|---|---|---|---|---|
| २ | स्वास्थ्य क्षेत्रको विकास | भक्तिनगर टोलमा कम्मान सिंह थापाको घर जाने बाटोमा नाली निर्माण | १,००,००० | २०७९/११/२८ |
| **वडा नं. १(वडा समितिको मिति २०७९/१२/२० को निर्णय)** | | | | |
| १ | भैपरी आउने खर्च सि.नं. १०५ को रु.३,२०,००० | सूचना तथा संचार खर्च | १,००,००० | |
| | | रेडक्रसको दस्तावेज पुस्तिका | ५,००० | |
| | | वडा नं. १ मा लालिगुँरास नौमती बाजालाई | १,५०,००० | |
| | | कौशिला बुढाको घरदेखि टेकराम रेग्मीको घरसम्म ग्राभेल | ७०,००० | |
| | | वडा नं. २ प्रहरी बिट | ५,००० | |
| २ | विविध कार्यक्रम खर्च सि.नं. १०६ को रु.५,००,००० | सहारा रेसिङ् क्लब वडा नं. १ | २०,००० | |
| | | जेष्ठ नागरिक सम्मान तथा न्यानो कपडा वितरण | १,५०,००० | |
| | | वडा नं. १ स्वास्थ्य | १,००,००० | |
| | | एभरेष्ट युथ क्लब, वडा नं. १ | १,५०,००० | |
| | | मदन शाहीको घरनेर ग्रावेल | ८०,००० | |
| **वडा नं. १२(वडा समितिको मिति २०७९/१२/२२ को निर्णय)** | | | | |
| १ | वडा नं. १२ को भैपरी आउने पुँजिगत खर्च सि.नं. २२८ को रु.४,००,००० | कनोडिया पेट्रोल पम्पदेखि रामचन्द्र काफ्लेको घरसम्मको बाटो पि.सि.सि. | २,५०,००० | |
| | | मुगाल टोलदेखि शान्ती टोल हुँदै मसुरीखेत जाने बाटो र सुमित्रा खड्काको घरहुँदै नारायण शर्माको घरसम्म बाटो ग्राभेल | १,५०,००० | |
| **वडा नं. १०(वडा समितिको मिति २०७९/१२/२१ को निर्णय)** | | | | |
| १ | सडक मर्मत सम्भार कोष जगेडा कोष सि.नं. २०२ को रु.६,४२,००० | प्रहरी बिट पर्खाल निर्माण | ५०,००० | |
| | | मेट्रोमार्ट देखि उत्तर कुसुम रावतको घरसम्म जाने बाटो ग्राvेल | ६०,००० | |
| | | समावेशी टोल नाला निर्माण | २,३२,००० | |
| | | विद्युतरोड डुण्डुवा नहरसम्म बाटो ग्रावेल | ३,००,००० | |
| २ | वडा नं. १० का लक्षित वर्ग सि.नं. १९६ को रु.१,२९,९०० | चेलिबेटी सशक्तिकरण सम्बन्धी कार्यक्रम | १,१८,९०० | |
| | | रामनगर शिव मन्दिर | ११,००० | |

**वडा नं. ११(वडा समितिको मिति २०७९/११/०२ को निर्णय)**

| सि.नं. | साविक योजनाको नाम | संशोधित योजनाको नाम | रकम |
|---|---|---|---|
| १ | फुलबारी टोल पोखेलको घरदेखि वडा नं. ६ जोड्ने बाटो आर सि सि नाली तथा माटो पटान(सि.नं. २१२) | फुलबारी टोल बम्बाईवाले दाईको घरदेखि मान बहादुर रानाको घरसम्म बाटोमा आर.सि सि नाला निर्माण | ४,५०,००० |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत